# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेशीसहर, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

## बडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धी कार्यको बोलपत्र आव्हान सम्बन्धी ई–विडिङ्गको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०६/१ गते)**

वेशीसहर नगर कार्यपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत देहायका वडा कार्यालयको भवन निर्माण गर्ने सम्बन्धी कार्यका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो बोलपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले ई–विडिङ्ग मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । बोलपत्र सम्बन्धी जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट bolpatra.gov.np/egp वा यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np हेर्न सकिने तथा कार्यालय समय भित्र यस नगर कार्यपालिका कार्यालयको प्राविधिक शाखामा सम्पर्क राख्न सकिनेछ । कामको विवरण यस प्रकार छ ।

| ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक अंक (मु.अ.कर तथा अन्य कर समेत) रु. | दरभाउ पत्र फाराम दस्तुर |
|---|---|---|---|
| निर्माण/०९/०७६/०७७ | वडा नं. २ को वडा कार्यालय भवन निर्माण– भकुण्डे | रु .४८७२४७०।८८ | ३०००।० |
| निर्माण/०१०/०७६/०७७ | वडा नं. ५ को वडा कार्यालय भवन निर्माण– नाल्म | रु. ४८५९३५५।१६ | ३०००।० |
| निर्माण/११/०७६/०७७ | वडा नं. ९ को वडा कार्यालय भवन निर्माण– सन्यासीडाँडा | रु. ४८७२४७०।८८ | ३०००।० |

**क. शर्तहरु :**

१। बोलपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले ३१ औ (२०७६/७/१ गते) दिनको १२.० वजे भित्र ई–विडिङ्ग मार्फत बोलपत्र पेश गरि सक्नुपर्नेछ । ई–विडिङ्ग मार्फत पेश भएका बोलपत्रहरु सोही दिन दिनको १.० वजे नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रदाताले इ विडिङ्गको साथमा पेश गरको कागजात मध्ये बोलपत्र खरिदको सक्कल भौचर, विडबण्ड वा धरौटी राखेको रकमको सक्कल प्रति, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपिको दरभाउपत्र खोलेको ७ दिन भित्र कार्यालयको प्राविधिक शाखामा बुझाउनु पर्नेछ ।

२। ई–विडिङ्ग बाहेक अन्य तरिकाबाट पेश गरिएको बोलपत्र स्वीकार्य हुनेछैन ।

३। बोलपत्र खरिद बापत नियमानुसार लाग्ने दस्तुर रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खाता नं. ग–४–३ – ३०४०३०४०३८३०४ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीदको ई–कपी, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपिको स्क्यान कपी पेश गर्नुपर्नेछ ।

४। बोलपत्र/दरभाउपत्र साथ धरौटी बापत कबोल अंकको कम्तीमा २.५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ३०४०३०३००७१०४ ग–३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको ई–कपी वा “क” वर्गको बाणिज्य बैकबाट जारी गरेको विडबण्डको ई–कपी पेश गरेको हुनुपर्नेछ । बीडबण्डको अवधि बोलपत्र मान्य अवधि भन्दा थप ३० दिनको हुनुपर्नेछ ।

५। बोलपत्रको मान्य अवधि बोलपत्र/दरभाउपत्र खोलेको मितिबाट ९० दिनको हुनेछ।

६। रितपूर्वक दाखिला भएका बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहतिको बोलपत्र स्वीकार्य हुने छैन।

७ प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

८। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत